

दलेका फुलहरू र समय

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

पृष्ठ २


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।
**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०'



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८



❑ वर्ष-२० ❑ अंक - ११८ ❑ २०८२ वैशाख १५ गते सोमबार ❑ Monday 28 Apr. 2025 ❑ मूल्य ७ /-


## शिक्षक आन्दोलनमा झडप
# पत्रकारसहित ६३ जना घाइते

**पूर्वसन्देश समाचार**

दमक । अनुशासित ढंगले भद्र र शान्तिपूर्ण आन्दोलन गर्दै आएका शिक्षकमाथि २६ औं दिनमा प्रहरी हस्तक्षेप बढ्यो । प्रहरीसँगको झडपमा परी ६३ जना शिक्षक तथा विद्यालय कर्मचारी घाइते समेत भएका छन् । आइतबार दिउँसो नयाँ बानेश्वर क्षेत्रमा प्रहरी र आन्दोलनरत शिक्षकहरूबिच झडप भएको थियो । झडपको क्रममा ६३ जना शिक्षक तथा विद्यालय कर्मचारी घाइते भएका हुन् । घाइतेहरूको ट्रमा सेन्टर, सिभिल हस्पिटल र बानेश्वरमा रहेको एभरेष्ट हस्पिटलमा उपचार भइरहेको छ । एकीकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष शंकर अधिकारीका अनुसार घाइतेमध्ये केहीको अवस्था गम्भीर छ ।

शान्तिपूर्ण शैक्षिक आन्दोलनमा प्रहरीले बल प्रयोग गरेर अन्धाधुन्ध शिक्षाकर्मीमाथि लाठी प्रहार गरेको उनको भनाइ छ । ऐन माग्न आएका शिक्षक कर्मचारीमाथि बन्दुक उपहार प्रदान गरेको बताए ।

आन्दोलनको क्रममा २६ औं दिनमा शिक्षक र प्रहरीबीच झडप भएको थियो । प्रहरीले राखेको निषेधित क्षेत्रमा शिक्षकहरु प्रवेश गर्न खोजेपछि प्रहरीले लाठी र पानीको फोहोरा प्रहार गरेको थियो । प्रहरीको तर्फबाट लाठी र पानीको फोहोरा प्रहार भएपछि शिक्षकहरूले समेत ढुंगा प्रहार गरेका थिए ।

त्यस्तै, उक्त शिक्षक आन्दोलनको रिपोर्टिङ गर्ने क्रममा प्राइम टेलिभिजनकी संवाददाता सविना कार्की समेत गम्भीर घाइते भएकी छिन् । शिक्षकहरूले निषेधित क्षेत्र तोड्दा प्रहरीसँग झडप भएको समाचार संकलन गर्न कार्की बानेश्वर पुगेकी थिइन् ।

सडकको किनारमा उभिएर वस्तुस्थिति नियालिरहेकी कार्कीमाथि एक्कासि पानीको फोहोरा लागेको थियो । उनको दुवै आँखामा गम्भीर चोट लागेको छ । कार्कीलाई सिभिल अस्पतालमा प्राथमिक उपचारपछि ट्रमा सेन्टर लगिएको थियो । हाल उनको तिलगंगा अस्पतालमा उपचार भइरहेको छ ।

प्रधानमन्त्री केपी ओलीले शिक्षक आन्दोलन रोक्न कुनै पहल नै नगरेको महासंघले जनाएको छ । 'सर्वोच्चले सरकारलाई आदेश दिएको हो, पठनपाठनको वातारण मिलाउन सरकारका नाममा आदेश भएको हो, हामी ऐन नलिई जाँदैनौँ,' पराजुलीले भनिन्, 'यतिका दिन बितिसक्दा पनि सरकारले हाम्रो आवाज सुनेको छैन, हाम्रो मुद्दालाई सरकारले झन् पछि झन् ओझेलमा पार्न खोज्दै छ, तर हामी फर्किनेवाला छैनौँ ।' उनले केही स्थानीय तहले शिक्षकहरूलाई आइतबारदेखि नियमित पठनपाठनमा समेत फर्किन दबाब दिएको भन्दै शिक्षकमाथि कुनै कारबाही भए महासंघले विरोध गर्ने बताइन् ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शिक्षकहरूसँग संवाद र छलफल भइरहेको दाबी गर्दै सरकारले सहजीकरण र समाधान खोजिरहेको बताए । 'शिक्षकहरूका माग पूरा गर्न सरकार तयार छ,' उनले भने, 'निरन्तर छलफल पनि भइरहेको अवस्था हो, तर कतिपय विषयमा प्रक्रियागत छन्, जुन कुरा भन्नेबित्तिकै हुँदैन ।' हाल विद्यालय शिक्षा विधेयकमाथि संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको उपसमितिमा छ । उपसमितिले २२ वैशाखसम्मको समयसीमा तोकेर काम गरिरहेको छ ।

बाँकी ४ पेजमा ▸▸

## संक्षेप

### आमाप्रतिको श्रद्धासहित मातातिर्थ औंसी मनाइयो

दमक । मातातीर्थ औँसी, आमाको मुख हेर्ने पर्वको रूपमा जन्मदिने आमाप्रति श्रद्धा, भक्ति र सम्मानका साथ देशभर मनाइएको छ ।वैशाख कृष्ण औँसीका दिन मनाइने यो पर्वमा बिहान स्नान गरी शुद्ध भएर आ ँनी आमालाई सुन्दर वस्त्र लगाइदिने तथा मीठा र तागतिला खानेकुरा ख्वाएर आशीर्वाद लिने चलन छ । आमा नभएकाहरू भने आमाको श्राद्ध गरी उहाँको स्मरण गर्दछन् । यसो गरेमा मातृ ऋणबाट मुक्ति मिल्ने शास्त्रीय मान्यता छ ।

मातातीर्थ औँसीको अवसरमा दिवङ्गत आमाको सम्झनामा चन्द्रागिरि नगरपालिका-६ मातातीर्थ कुण्डमा मेला लागेको छ । मातातीर्थ कुण्डमा स्नान गरेमा मातृऋणबाट मुक्त हुने जनश्रुति छ । धर्मशास्त्रमा आमाको स्थान परमात्मा भन्दा उच्च मानिएको छ । आमालाई पण्डित, आचार्य र पिताभन्दा पनि महान् मानिएको छ । पितृऋण तिर्न माता, पितालाई जीवित हुँदा सम्मानपूर्वक खुशी राख्ने तथा मृत्युपछि श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने शास्त्रीय विधान छ ।

### स्रोत नखुलेको रकमसहित पक्राउ

**दमक/** मलंगवा नगरपालिका-६ खुटौनास्थित सडकबाट स्रोत **नखुलेको ३२ लाख** ३५ हजार ४ सय ४० नेपाली रूपैयाँ र २ हजार १ सय ४० भारतीय रूपैयाँसहित भारत सितामढी थाना कुनौली बस्ने ४० वर्षीय शम्भु कुमार साहलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी खुटौनाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ०६ सिटि २४२२ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त रकम सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नालामा वेवारिसे शव फेला

**दमक/** झापा दमकको नालामा बेवारिसे शव फेला परेको छ । आइतबार दमक नगरपालिका वडा न. ४ कृष्ण मन्दिरस्थित कृष्ण माध्यमिक विद्यालयको पर्खालको पूर्वपट्टि नालामा घोप्टो परेको अबस्थामा बेवारिसे शव फेला परेको हो । तत्काल नाम थर वतन नखुलेको ,सेतो सर्ट, खरानी रंगको पाइन्ट लगाएको पुरूषलाई मृत अबस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । अन्दाजी ४५ वर्षको मंगोलियन अनुहार, रातो वर्ण भएको र साथबाट किपेड मोबाइल फेला परेको मृतकको सनाखतको लागि थप अनुसन्धान भइरहेको छ ।सम्पूर्ण कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमको लागि दमक अस्पताल पठाएको प्रहरीले जनाएको छ ।

### चिकित्सकको आन्दोलन जारी

**दमक/** आवासीय चिकित्सकलाई सरकारी आठौं तह सोसरह मासिक निर्वाह भत्ता उपलब्ध गराउन माग राख्दै आन्दोलरत चिकित्सकले आइतबार माइतीघरमा धर्ना दिएका छन् । काठमाडौं उपत्यकामा वर्षा भए पनि छाता ओढेर उनीहरू धर्नामा सहभागी भएको स्वास्थ्यकर्मीहरूका लागि सुरक्षित कार्यस्थल संर्घष समितिका डा. शेषराज घिमिरेले जनाए । नेपाल चिकित्सक संघको आह्वानमा शुक्रबार देशभरका सरकारी अस्पतालमा चिकित्सकले आकस्मिक बाहेकका सेवा बहिष्कार गरेका थिए । चिकित्सा शिक्षा आयोगले फागुनदेखि मासिक साढे ४८ हजार निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने निर्णय गरे पनि निजी मेडिकल कलेजहरूले निर्णय अस्वीकार गर्दै आएका छन् । भत्ता उपलब्ध गराउँदा घाटा हुने निजी मेडिकल एसोसिएसनले जनाएको छ ।

### सर्पको डसाईबाट मृत्यु

**झापा/** झापाको बिर्तामोडमा विषालु सर्पको डसाईबाट एकजनाको मृत्यु भएको छ । शनिवार साँझ विषालु सर्प सेतो गोमनको डसाईबाट बिर्तामोड ७ भुसावारी बस्ने अन्दाजी ४८ वर्षीय सजनलाल राजवंशीको मृत्यु भएको हो । साँझ घरनजिकै पूजा गर्ने क्रममा झाडीमा उनलाई सर्पले डसेको थियो । घाइते राजवंशीलाई उपचारका लागि चारआली सर्पदंश उपचार केन्द्र लगिएकोमा त्यहाँ संभव नभएपछि बीएण्डसी अस्पताल पुर्याउँदा उनको मृत्यु भइसकेको बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले जानकारी दिए ।

गर्मी बढेसंगै सर्पको विगविगी बढेको छ । शुक्रवार दिउँसो विषालु सर्पले डसेर मोरङको बेलबारी नगरपालिका-४ स्थित हिमालय चोक निवासी कुमार विश्वकर्माका ६ वर्षीय छोरा विपिन विश्वकर्माको पनि मृत्यु भएको थियो ।

### विचौलियाको पहुँच भएको प्रमाणित गर्न आग्रह

**काठमाडौं/** प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो बेडरूमसम्म बिचौलियाको पहुँच छ भनेर आरोप लगाउनेहरूलाई त्यस्ता कुराहरू प्रमाणित गर्न चुनौती दिएका छन् । मदन भण्डारी फाउण्डेशनको चौथो राष्ट्रिय सम्मेलनको आइतबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजनीतिमा छिर्के दाउ हाल्ने, षड्यन्त्र गर्ने र झेली खेलाडीहरूले लाजशरम पचाएर यस्ता आरोपहरू लगाउने गरेको बताए । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले केही दिन अघि 'प्रधानमन्त्रीको बेडसम्म बिचौलियाको एक्सिस रहने गरेको' भन्ने अभिब्यक्ति दिएको एक साता पछि प्रधानमन्त्री ओलीले सो जवाफ दिएका हुन् ।

## पठनपाठनको सुचारूको प्रयास

**दमक/** दमक शिक्षक आन्दोलनका कारण विद्यार्थी भर्ना तथा पठनपाठन अवरूद्ध भएपछि अभिभावक तथा स्थानीय तहमा चिन्ता व्यक्त गर्न थालिएको छ । आन्दोलनले विद्यार्थीहरूमा पर्न जाने असरका कारण पठनपाठनलाई सुचारू गर्ने प्रयासहरू हुन थालेका छन् । दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले शिक्षकहरूको पेशागत आन्दोलन लम्बिदै गएकाले यसले विद्यालयमा नियमित पठनपाठन प्रभावित मात्र नभएर अस्तव्यस्त बनाएकोमा चिन्ता व्यक्त गरेका छन् । नगरप्रमुख थापाले आइतवार विज्ञप्ति जारी गरेर शिक्षकहरूको आन्दोलन वार्ताको माध्यमबाट समाधान खोज्नु पर्ने स्मरण गराएकाछन् । उनले महिना दिनदेखि काठमाण्डौ केन्द्रीत चलेको आन्दोलनले देशभरिका सामुदायिक विद्यालयहरूको पठनपाठन ठप्प भएकाले अब विद्यालय सुचारू हुने गरि पठनपाठनको वातावरण निर्माण गर्न सरोकार सवैमा अनुरोध गरेका छन् ।

यसैगरि, दमक ४ को ताराबारी आधारभूत विद्यालय अब समुदायले सञ्चालन गर्ने तयारी गरेका छन् । शिक्षक आन्दोलनले पढाइमा असर गरेको भन्दै त्यस्तो निर्णय गरेको बताइएको छ । विद्यालय व्यवस्थापन समितिको बैठकले यही वैशाख १६ गते देखि पठनपाठन विद्यालय सञ्चालन गर्ने भएको छ । आइतबार बसेको बैठकले सम्पूर्ण अभिभावकहरूमा आ-आफ्ना नानी बाबुहरूलाई विद्यालयमा निःशुल्क भर्ना गराई विद्यालय पढ्न पठाइदिन पनि बिद्यालयले सूचना गरेका छन् । यसैगरि, कमल ७ स्थित सिंहदेवी आधारभूत विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अगुवाईमा पठनपाठनलाई नियमितता दिएको छ ।

दुई दिन अघिदेखि समितिका दक्ष सदस्य,सल्लाहकार लगायतका अन्य शुभेच्छकहरूको सहयोगमा पठनपाठनलाई नियमित बनाएको विद्यालयका अध्यक्ष सन्तोष राईले बताए । विद्यार्थी भर्ना अभियान संगै पठनपाठन सुचारू गरिआएको उनले जनाए । उनका अनुसार स्थायी शिक्षकहरू विद्यालयमा हाजिर हुँदै आए पनि पेशागत आन्दोलनका कारण कक्षा कोठा जादैनन् । स्थायी शिक्षकहरूको ठाउँमा स्वमसेवकमार्फत पठनपाठन गरिआएको उनको भनाई छ ।

## जसपा नेपालको ११ पालिकामा नयाँ नेतृत्व

**झापा/** जनता समाजवादी पार्टी (जसपा) नेपालले कोशी प्रदेशमा संगठन विस्तारलाई तीव्र बनाएको छ । जसपाले कोशी प्रदेशअन्तर्गतका ९ गाउँ समिति र २ नगर समिति गरी ११ पालिका समितिको अधिवेशनबाट नयाँ नेतृत्व निर्वाचित गरिएको प्रचार विभागले जानकारी दिएको छ ।

ओखलढुंगा जिल्लाको, मानेभञ्ज्याङ गाउँपालिकाको अधिवेशनबाट शेरबहादुर राईको अध्यक्षतामा १५ सदस्यीय गाउँ समिति निर्वाचित भएको छ । प्रकाश राईको अध्यक्षतामा चिसङ्कुगढी गाउँपालिका र कुसाङ शेर्पाको अध्यक्षतामा २१ सदस्यीय खिजिदेम्बा गाउँ समिति निर्वाचित भएको छ ।

त्यसैगरी नरेश राईको अध्यक्षतामा २८ सदस्यीय भोजपुरको हतुवागढी गाउँ समिति र केबी चेम्जोङको अध्यक्षतामा २४ सदस्यीय पाँचथरको फाल्गुनन्द गाउँ समिति निर्वाचित भएको बताइएको छ ।

अग्नी कुलुङको अध्यक्षतामा १५ सदस्यीय सोलुखुम्बुको महाकुलुङ गाउँ समिति निर्वाचित भएको छ । योगेन्द साम्पाङ राईको अध्यक्षतामा धनकुटाको सहिदभूमि गाउँ समितिको नयाँ नेतृत्व निर्वाचित भएको छ । मोरङको जहदा गाउँपालिका र बुढीगंगा गाउँपालिका, ओखलढुंगाको सिद्धिचरण नगरपालिका र सुनसरीको इनरूवा नगर अधिवेशनबाट नयाँ नेतृत्व निर्वाचित गरिएको छ ।

## मलद्वारमा लागुऔषध ल्याउने २ जना पक्राउ

**भद्रपुर/** भारतबाट मलद्वारमा लागूऔषध लुकाएर ल्याउने भद्रपुरका दुईजना पक्राउ परेका छन् । आइतबार भद्रपुर नगरपालिका वडा नं.५ स्थित मेची पुलमा प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री भद्रपुर नगरपालिका वडा नम्बर १० चन्द्रगढी बजार बस्ने ४३ वर्षीय सन्तोषकुमार काफ्ले र चैतु मन्दिर बस्ने ३६ वर्षीय विजय राजवंशी लागूऔषधसहित पक्राउ परेका हुन् ।

मलद्वारभित्र प्लास्टिकले पोका पारी लुकाइ छिपाइ ल्याउँदै गरेको ३ ग्राम ६०० मिलिग्राम ब्राउनसुगरसहित उनीहरुलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको थियो । आवश्यक कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाएको

बाँकी ४ पेजमा ▸▸

## हावाहुरी र असिनाले किसानको अन्नबालीमा क्षति

**दमक/** झापाको कमल-२ मा महिलाहरूले लामो समयदेखि व्यवसायिक रूपमा लगाउँदै आएको तरकारीबालीमा वर्षको अन्त्यमा आएको असिनापानीले क्षति पुर्‍याएको छ । अप्रत्यासित रूपमा आएको हावाहुरी र असिना पानीले क्षति पुर्‍याएको हो । सो तरकारीबाली उठाउन जति कोसिस गरेर पनि नसकिएको किसानको भनाई छ ।

असिना पानीले टमाटर, खोर्सानी, कोपी देखि मकैबालीमा समेत ठूलो क्षति गरेको छ । सिमलडाँगी क्षेत्रमा मात्र ५ विगाह क्षेत्रको मकै देखि अन्य तरकारीबालीमा समेत क्षति भएको गाउँका अगुवा डिल्ली पौडेलले बताए ।

पछिल्लो समय जलबायु परिवर्तनका कारण बर्षात् हुने समय चक्रमा नै परिवर्तन भएको छ । जसका कारण किसानले ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ झापाका वरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदीले बताउँछन् ।

झापा जिल्ला नेपालकै धान, मकै, चिया, सुपारी, रबर लगायतका खेतीमा सवै भन्दा धेरै हुने जिल्ला हो । तर जलवायु परिवर्तनका कारण समयमा बर्षा नहुने र हुँदा भारी बर्षा हुन थाले पछि किसानको खेती तथा बालीमा ठूलो क्षति हुन थालेको उनीहरूको भनाइ छ ।

## १० केजी मलले व्यापारीलाईं दिएको सम्मान

**विराटनगर/** शनिबार बिहान ६ बज्दा नबज्दै मोरङ बेलबारी २ को लालभित्ती चोकमा रहेको लाक्पा सरको पसल अगाडि ठूलो भीडा लागेको थियो । पसल बन्द थियो तर पसल बाहिर सयौंको भीड जम्मा भइसकेको थियो । लाक्पा भोटिया सरकारी कर्मचारी हुन् । उनले लालभित्ती चोकमै कृषिको बिउ बिजन तथा किटनासक औषधिको पसल राखेका छन् । उनको पसल जाने बाटो निर्माणधीन अवस्थामा रहेकाले बन्द छ ।

पूर्वपश्चिम राजमार्गबाट नै उनको पसल हेरेर बस्नेको सख्या झन्डै सय जना भन्दा बढी थिए । लाक्पा भोटीया र उनकी पत्नी रिनेम भोटिया हाँस्दै बिहान ७ बजेतिर पसलमा आए । पसल अगाडि भेलाभएकाहरू प्रायः उनीहरूले चिनेजानेकै थिए । त्यसैले सामान्य सत्कार गर्दै दम्पतिले नमस्कार सम्बोधन गरिरहेका थिए । पसलमा आएका ग्राहकहरू लाक्पा दम्पतिलाई बढो इज्जत गरिरहेका थिए मानौं उनी देवता हुन् र उनीहरूको समस्या तुरुन्त समाधान गरिदिन्छन् ।

त्यो भीड अरू कामका लागि नभएर खेतबारीमा लगाएको बालीमा हाल्ने मलको जोहो गर्नका लागि थियो । उनीहरूमध्ये धेरैलाई युरिया मल आवश्यक परेको थियो । त्यसैले लाक्पा दम्पति त्यहाँ जम्मा भएका मानिसहरूलाई मल आइपुग्ने बेला भयो, आइहाल्छ भन्दै सान्त्वना दिइरहेका थिए र लाइनमा मिलेर बस्न अह्राइरहेका थिए ।

लाइनमा युवा उमेरकादेखि वृद्धवृद्धासम्म उभिएका थिए । उनीहरूले सरकारलाई गाली गर्दै आफूले खेपेको हैरानीबाट पाएको सास्तीबाट उत्पन्न आवेग सान्त पारिरहेका थिए । 'कृषकलाई मल नदिनेले पछि चाहिँ के खान्छन् कुन्नी' भन्दै कोही हल्ला गरिरहेका थिए । 'कसैकसैले देश लुटेकै छन् उनीहरू त खाइहाल्छन् नि हामी निमुखाका लागि पो कोही छैन त !' भन्दै गुनासो गरिरहेका थिए ।

त्यसमध्येका आधाजति किसानहरू तीन दिनदेखि यसैगरी लाइनमा बसेका थिए । तर उनीहरूले मल पाएका रहेनछन् । लाइनमा बसेर बल्लतल्ल पालो आयो भने पनि जम्मा एक जना किसानको भागमा १० किलो युरिया पर्ने रहेछ । १० किलो मल प्राप्त गर्न नेताको सोर्स लगाउने परेको दुखेसो प्रेम राईको थियो । ६५/७० वर्षका जस्ता देखिने राईले स्थानीय नेताहरूलाई मल भनिदिन आग्रह गरेको बताए । 'शुक्रबार मल आउँछ भन्ने हल्ला थियो,' राईले भने 'वडा कार्यालयको

बाँकी ४ पेजमा ▸▸


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

## प्रेस विज्ञप्ती

**लगभग १ महिना देखि नेपाल शिक्षक महासंघले संघीय शिक्षा ऐन लगायत पेशागत हकहितका लागि काठमाण्डौ केन्द्रित आन्दोलन गरेको कारणले मुलुकभर शैक्षिक पठन-पाठन तथा व्यवस्थापन अस्तव्यस्थ भएको हुँदा शिक्षा ऐन तथा शिक्षकहरुका उचित पेशागत माग दुई पक्षीय वार्ताको माध्यमद्वारा समाधान गर्न नेपाल सरकारसँग हार्दिक अनुरोध गर्दछौं ।**

**साथै सो आन्दोलनका कारणले यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत हजारौं विद्यार्थीहरुको भविष्य अन्यौलमा रहेको र ती विद्यार्थीहरुका अभिभावकहरु समेत चिन्तामा रहेको कारणले यथासिघ्र सामुदायिक विद्यालयहरुमा सुचारु रुपले पठन-पाठन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।**

**राम कुमार थापा**
नगर प्रमुख

# सम्पादकीय

## अस्तव्यस्त तार व्यवस्थापन गरौं

दमक क्षेत्र लगायत देशभरका सहरहरुलाई कुरुप बनाएको अव्यवस्थित तारहरुको व्यवस्थापन गर्न जरुरी देखिएको छ । एकातिर सौन्दर्यकरणका हिसाबले यसले सहरको गरिमालाई गिज्याईरहेको छ भने अर्कोतिर मानवीय क्षतिको कारक बन्दै गएको छ ।

गत सोमबार पाथीभरा दर्शन गर्ने यात्रु बाकेर जाँदै गरेको जीपमा पोलबाट लत्रिएको तारले करेन्ट लाग्दा जलेर चार जनाको ज्यान गयो । झापा भद्रपुरका विनोद पौडेल, सरिता पौडेल र उनीहरुकी नातिनी ललितपुर निवासी आध्या आचार्य र जीप चालक ताप्लेजुङ फुङलिङ निवासी दुर्गा भट्टराईको छिनभरमै लापरवाहीबाट ज्यान गयो । यता, मोरङको विराटचोकमा इन्टरनेटको तार विस्तार गर्ने क्रममा करेन्ट लागेर बुधबार चुलाचुली गाउँपालिका ३ का २८ वर्षिया राजन लावतीको मृत्यु भयो । विराटचोकमा बिजुलीको पोलमा चढेर इन्टरनेटको तार विस्तार गर्ने क्रममा करेन्ट लागेपछि उपचारका क्रममा मृत्यु भएको छ । यी प्रतिनिधिमूलक घटना मात्र हुन यस्ता घटना दर्जनौं घटिसकेका छन ।

अव्यवस्थित तारको कारणले मानवीय क्षति मात्र नभएर भौतिक क्षति समेत उत्तिकै भएका छन् । कतिपय ठाउँमा पोलमा एक अर्कामा तारको तारतम्य नमिल्दा पोलमै आगलागीका घटनाहरु धेरै ठाउँमा भएका छन् । केही समयअघि उर्लाबारी-६ मा विद्युतको पोलमै आगलागी भयो। नगर, गल्ली सबैतिर विद्युतका अव्यवस्थित तारका कारण कहिले ठूलो दुर्घटना हुने हो भन्ने चिन्तामा स्थानीय बासिन्दा रहने गरेका छन् ।

हामी विकास गर्छौ तर मानविय जोखिमका विषयलाई व्यवस्थापनमा ध्यान दिँदैनौं यो नै विडम्बना हो । अनेकथरीको काम गर्न भुइँ पटक पटक खोतल्छौं तर ति मानविय जोखिममा रहेका सहरलाई कुरुप बनाइरहेका तारको व्यवस्थापनमा चाहि लापरवाही भनौ वा ध्यान पुऱ्याउँदैनौं। विद्युत प्राधिकरणले विद्युत प्रवाहकालागि गाडेको पोलमा इन्टरनेट, टेलिफोन र केबल टेलिभिजन सहितका तारमाथि तार जोड्ने दिने सरकारी नीति नै गलत देखिन्छ। सबैलाई अण्डरग्राउण्ड प्रणालीमा लानुपर्नेमा ध्यान कसैको त्यति गईरहेको देखिँदैन।

कुन तार के को हो भनेर छुट्याउन कठिन। अनि पोलमा थपिएको भारले पोल लड्ला, किच्ला। अर्कातर्फ विजुली प्रवाह भइरहेको पोल लड्यो भनें त्यसबाट उत्पन्न हुने निकै खतरापूर्ण अवस्थाको जोखिममा छन सहरहरु। दमकको पेराफेरीमा गतवर्ष यस जोखिमपूर्ण अवस्थापनका लागि नेपाल विद्युत प्राधिकरण दमकले आफ्नो स्वामित्वमा रहेका दमक बजार क्षेत्रका विद्युतीय पोलमा तानिएका केबल टेलिभिजन, इन्नटरनेट, टेलिफोनका तार हटाउने काम गरेपनि त्यसले पुर्णता पाउन सकिरहेको छैन। थालनी गरेपछि टुंग्याउने गरी गरिएको वा परिणाम दिन सकेको भए उत्तम हुने थियो।

साना पोल हटाएर ठूला पोल गाड्ने कार्य निरन्तरता अहिले पनि छँदैछ । साना पोलमा भएका तारहरुलाई ती ठूलो पोलहरुमा व्यवस्थापन गरिएको प्राधिकरणको भनाई छ । प्राधिकरणको तारमा अन्य विभिन्न किसिमका तारहरु लगाउन नदिइने नीति हुनुपर्ने ? जोजसले जे तार लगाए पनि ति सबै अण्डरग्राउण्ड हुनुपर्नेमा त्यस्तो गरिएको छैन । भरपर्दो विद्युत सेवा उपलब्ध गराउन र सहरी सुन्दरतासमेत कायम राख्न दूरसञ्चार, केबल टीभी र इन्टरनेट सेवा प्रदायकलाई आˆनो संरचना निर्माण/व्यवस्थापन गर्न समयसीमा सहित विद्युत प्राधिकरणले सार्वजनिक रुपमा आग्रह गरेको भए पनि कार्यान्वयन जसरी हुनपर्ने हो त्यसरी हुन सकिरहेको देखिँदैन ।

विद्युतीय पोल प्रयोग गरी अव्यवस्थित तरिकाले तानिएको र प्रयोगमा नरहेका अनावश्यक अप्टिकल फाइबर, केबल पोलमा जथाभावी झुण्डयाइएका उपकरणका कारण सहरलाई कुरुप बनाएको अवस्था अब सहरबजारमा रहनुहुन्न, पोलमा जथाभावी राखिएका अव्यवस्थित तारबाट कुनै क्षति हुने हो कि भन्ने आशंकामा र त्रासमा स्थानीयबासी बस्नु हुन्न । कोही यात्रा गरिरहँदा अव्यवस्थित तारको कारणले ज्यान जाने हो कि भन्ने डर र त्रासमा हिंड्नु हुन्न भन्नेमा सम्बन्धित सरोकारवाला, स्थानीय सरकार सजग र सर्तक रहन आवश्यक छ । साथै सबै सरोकारवाला नियकासँगको समन्वय र सहकार्यमा यो कामले अब गति लिनु पर्दछ ।

तरंग

# ढलेका फुलहरू र समय

**'आवर फोर फादरर्स ह्याभ ह्याण्डेड दिस ब्युटिफूल कन्ट्री टु अस । आवर ड्यूटी इज टु ह्याण्ड दिस कन्ट्री एज युजल टु आवर फ्यूचर जेनेरेसन' (अर्थात् हाम्रा पुर्खाले यो सुन्दर देश हामीलाई सुम्पेर गए । हाम्रो एक मात्र लक्ष यो देश जस्ताको तस्तै भावी पुस्तालाई हस्तान्तरण गर्नु हो)।**

**वह !**

**यस्तो विचार बोक्ने मान्छे प्रधानमन्त्री हुँदा पो देश बनिन्छ ।**



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

एक जना अमेरिकी लेखिका प्याट्रिसिया ह्याम्पेलले दोस्रो विश्वयुद्धका बिधीषीकाहरूको संस्मरण गर्न एउटा कथा लेखेकी थिइन् । जुन कथाको शीर्षक थियो, 'लुक एट अ टी कप अर्थात् चीया कपमा हेर' ।

त्यो बिम्बात्मक कथा थियो । सुन्दर चीयाको कपलाई सुन्दर परिवार, सुन्दर संसारको कल्पना गरियो । त्यो सुन्दर चीया कप धर्म थियो । संस्कृति थियो । परम्परा थियो । अनुशासन थियो । प्रेम थियो । इतिहासप्रतिको इमान्दारिता र नैतिकता थियो । गौरव थियो । बाआमाको आशिर्वाद थियो । त्यही भएर लेखिकालाई त्यो सुन्दर चीयाकप उनको बिहेमा आमाले उनलाई दिन चाहेकी तर लेखिका त्यो लिन चाहन्न थिइन् । किनभने उनलाई त्योकपको महत्व एक त थाहा नै थिएन, अर्को उनी बिगततिर फर्किन चाहन्नथिन् । उनी त्यो कपका बिम्ब र प्रतीकहरूप्रति अलग्गै रहन चाहन्थिन् । तर उनकी आमा त्यो जसरी पनि जोगाउन चाहन्थिन् । र छोरीलाई हस्तान्तरण गर्न चाहन्थिन् । तर छोरी लिन नचाहने । किनभने छोरी (लेखिका) लाई त्यो कप जोगाउन सक्छु जस्तो पनि लागेन । तय आमा जसरी पनि त्यो छोरीलाई हस्तान्तरण गरेर युगौं युगसम्म जोगाउन चाहन्थिन् । त्यो हस्तान्तरण भनेको संस्कारको हस्तान्तरण थियो । परम्पराको हस्तान्तरण थियो । धर्म र संस्कृतिको हस्तान्तरण थियो । उनले आमाबाट प्राप्त उपहार त्यो सुन्दर चीयाकप जोगाउनु थियो । बचाउनु थियो । युद्धका मुखबाट बचाउनु थियो । गोलाबारूदबाट बचाउनु थियो । बन्दुकका नालबाट बचाउनु थियो । क्षेप्याश्त्रबाट बचाउनु थियो । अशान्ति, झगडा, काटमारबाट जोगाउनु थियो । बमबाट जोगाउनु थियो । अनि त्यो कपमा रंगाइएका सुन्दर फूलहरू जीवन्त पार्नु थियो । तिनका रंग झर्न नदिइ सदाबाहार नवीन बनाइराख्नु थियो । परिवारको एकता थियो त्यो कप । परिवारको स्नेह थियो त्यो कप । सकमाजको सुन्दर रेखंकन थियो त्यो कप । अनतहीन समयको अन्तहीन अस्थित्व थियो त्यो कप । विश्वबन्धुत्वको प्रतीक थियो त्यो कप । शान्तिको प्रतीक थियो त्यो कप । बिकासको अन्तहीनता, संबृद्धि र शुसासनको आत्मा थियो त्यो कप । एकता र भाइचाराको सिंगो रूप थियो त्यो कप । नकारात्मकता र घृणाको बीरगाथालाई भत्काउने झम्पल थियो त्यो कप । विश्वब्यापीकरणले संसारभर फैलाएको विश्वबन्धुत्वको प्रतीक थियो त्यो कप । आफ्ना जनतालाई भोकभोकै पारेर, तिनका गाँस चुँडेर क्षेप्याश्त्र र गोलाबारूद किन्ने निरंकुश शासकहरूको सामूल नष्टको प्रतीक थियो त्यो कप । परिवाका हर सदस्यहरूको दीर्घ जीवनको, सुख, शान्ति र अमनचैनको प्रतीक थियो त्यो कप ।

यस्तो विरासतले बिभूसित त्यो कप लेखिकाकी आमाले जोगाएर राखेर छोरीलाई जस्ताको तस्तै, सुन्दर हस्तान्तरण गर्न चाहन्थिन् । आमाले त्यत्रा विश्वयुद्धहरूमा पनि जोगाएकी थिइन् । गोलाबारूदबाट पनि जोगाएकी थिइन् । बबाट पनि जोगाएकी थिइन् । बन्दुकबाट पनि जोगाएकी थिइन् । त्यो समयत्राशदीले पनि छुन नसकेको त्यो सुन्दर चीया कपमा आमा लत्रिएका फूलहरू देख्छिन् । झरेका फूलहरू देख्छिन् । त्यो कपमा पेन्टिङ्ग गर्नेले बनाउन खोजेको सुन्दर फूल पनि झुत्रिएको, ढलेको देखिन्छ । माथिबाट तलतिर । ती ढलेको फूलहरूले त्यो ढलेको समयत्राशदीको कथा भन्छ । मान्छेका शरीर ढलेका कथा भन्छ । शान्ति ढलेका कथा भन्छ । बिकास ढलेका कथा भन्छ । आमनचैन ढलेका कथा भन्छ । महिलाहरूका भाग्य ढलेका कथा भन्छ, किनभने युद्धमा तिनै महिलाका छोरा ढले, तिनै महिलाका श्रीमान ढले, तिनै महिलाका दाजु र भाइ ढले । अनि अन्तनः महिलाहरूको भाग्य पनि ढले ।

ती ढलेका फूलहरूले अब एउटा कुरूप चित्र कोर्न सुरू गरे । कुरूप चित्र । त्यो कप अब सुन्दर रहेन । एउटा भयानक कथाको पुस्तक बन्यो । एउटा बिभस्त समयको स्मरण गराउने जेथो बन्यो । बिछोढिएका परिवार, ध्वस्त भएका भौतिक संरचना, खुनले लतपलिएको माटो, चरा उडनु पर्ने आकासमा लडाकु विमान उडेको देखिने कुरूप बिम्ब बन्यो । जताततै हाहाकार, महामारी, भोकमरी, मुद्रस्फिति, महंगी र रोगब्याध फैलियो । बाँकी दुनियाँ पनि मन र मुटुभरी घाउ बोकेर बाँच्न बाध्य भए ।

त्यो सुन्दर टी कप त मैले २०१९ मे २० का दिन अष्ट्रेलियामा पनि देखेको थिएँ । चुनाव जितेपछि प्रधानमन्त्री बन्दै गर्दा स्कट मोरिसनले दिएको भाषणको अंतिम वाक्य यस्तो थियो, 'आवर फोर फादरर्स ह्याभ ह्याण्डेड दिस ब्युटिफूल कन्ट्री टु अस । आवर ड्यूटी इज टु ह्याण्ड दिस कन्ट्री एज युजल टु आवर फ्यूचर जेनेरेसन' (अर्थात् हाम्रा पुर्खाले यो सुन्दर देश हामीलाई सुम्पेर गए । हाम्रो एक मात्र लक्ष यो देश जस्ताको तस्तै भावी पुस्तालाई हस्तान्तरण गर्नु हो)।

वह !

यस्तो विचार बोक्ने मान्छे प्रधानमन्त्री हुँदा पो देश बनिन्छ ।

हामीकहाँ त अग्रज र पुर्खाहरूलाई थुक्न र मुत्न सिकाउने, भावी पिंढीलाई जिन्दाबाद र मूर्दावादमा खन्याइदिने र अन्तिममा बिदेशिन बाध्य पार्नेहरू प्रधानमन्त्री हुन्छन् । आफ्नै देशका नागरिकलाई शरणार्थी बनाएर पैसा कमाउनेहरू हुन्छन् । बिहानदेखि बेलुकासम्म अर्कालाई गाली गलौज गर्नेहरू हुन्छन् ।

दिनहुँ आन्दोलनको कुरूप चित्र बोकेर हिंडिरहेको छ देश । भ्रष्टाचारका कथाहरू बेकेर हिंडिरहेको छ देश । राज्य संयन्त्र र राज्यकोशको दोहन गरेर हिंडिरहेको छ देश । हिमाल छन्, हिउँ छैनन् ।

*मन्त्रीहरू छन्, सरकार छैन ।*
*कानूनका अक्षरहरू छन्, कानून छैनन् ।*
*न्यालय छन्, न्याय छैनन् ।*
*प्रशासन छन्, सुव्यवस्था छैन ।*
*पसल छन्, ग्राहक छैनन् ।*
*विश्वविद्यालय छन्, विद्यार्थी छैनन् ।*
*खेती छन्, अन्न छैन ।*
*खोला छन्, पानी छैन ।*
*नेता छन्, सेवक छैनन् ।*
*दलहरू छन्, देश छैन ।*

कमिसनमा बाटा, टावर, पुल त बने, तर त्यहाँ डिंडने र जाने मान्छे छैनन् ।

रित्ता बाटाहरू र रित्ता घरहरू कथित संबृद्धिको नारालाई गिज्याइरहेछन् ।

अर्थात् यो देश पनि एउटा सुन्दर चीया कप जस्तै । थियो ।

तर आज कसरी त्यो सुन्दरता ढल्दैछ, ढालिँदै छ र कुरूप बनाईदै छ ।

यो सुन्दर चीयाकपरूपी देश एउटा कुरूप चीयाकपमा रूपान्तरण हुँदैछ ।

कि कसो ?

*दमक, झापा*

# सहकारी संघमा निर्वाचन सम्पन्न

बिर्तामोड । झापा जिल्ला सहकारी संघको आठौँ सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचनको मत गणना सम्पन्न भएको छ । शनिबार सम्पन्न निर्वाचनको मत परिणामसमेत सार्वजनिक भएको हो । मत परिणाम अनुसार खुल्ला उपाध्यक्षमा नारायणप्रसाद भट्टराई विजयी भएका छन् । गौतमले ११९ मत प्राप्त गर्दा उनका प्रतिष्पर्धी अर्जुन दंगालले १७ र डिल्ली दाहालले १०६ मत प्राप्त गरेका थिए ।

त्यस्तै सचिव पदमा भवानीप्रसाद दंगाल (भानु) १५० मतसहित विजयी भए । उनका प्रतिद्वन्दी युवराज गिरीले ६७ मत मात्र प्राप्त गरेका थिए । अर्का उम्मेदवार लक्ष्मीप्रसाद बास्कोटाले शुक्रबार नै उम्मेदवारी फिर्ता लिएको घोषणा गरिसकेका थिए । सहसचिव पदमा टसबहादुर श्रेष्ठले १७१ मत प्राप्त गरि विजय हासिल गरे । उनले विनोद ढकाललाई पराजित गरेका हुन् । ढकालले ५९ मत मात्र प्राप्त गरेका थिए ।

त्यस्तै खुल्ला सदस्य पदमा नारायण गौतम १६४ मत, प्रेमसागर सापकोटा १३७ मत र काशीनाथ घिमिरे १३१ मतसहित विजयी भएको निर्वाचन समिति सदस्य विश्वेश्वर प्रसाद भट्टराईले जानकारी दिए । लेखा सुपरिवेक्षण समिति संयोजकमा चुडामणि ओझा १६३ मत प्राप्त गरि विजयी बन्दा उनका निकटतम प्रतिद्वन्दी खडानन्द गुरागाईले ६१ मत मात्र प्राप्त गरे । क्षेत्र नम्बर २ को क्षेत्रीय सदस्यमा ५१ मतसहित युवराज गौतम विजयी बने भने क्षेत्र नम्बर ४ को क्षेत्रीय सदस्यमा पदम लिम्बु लिङ्देन ६० मतसहित विजयी बनेको निर्वाचन समिति संयोजक देवेन्द्र भण्डारीले जानकारी दिए ।

त्यसै गरी अध्यक्ष पदमा प्रेमकुमार कोइराला, वरिष्ठ उपाध्यक्षमा दुर्गाप्रसाद सापकोटा, महिला उपाध्यक्षमा देवि निरौला बस्नेत, कोषाध्यक्षमा केशव बस्नेत निर्विरोध निर्वाचित भइसकेका छन् ।

खुल्ला महिला सदस्यहरू विन्दा कुमारी थापा, निलाकुमारी दाहाल, संगीता गजुरेल र पुष्पा अधिकारी चम्लागाई निर्विरोध निर्वाचित भएका छन् । निर्विरोध निर्वाचित हुनेहरूमा क्षेत्र नम्बर १ मा देविमाया अधिकारी, ३ मा हरिकृष्ण अधिकारी र ४ मा तिलकप्रसाद सिंह राजवंशी छन् । त्यसै गरी मिलन आचार्य र राजेन्द्रप्रसाद रिजाल लेखा सुपरिवेक्षण समिति सदस्यमा निर्विरोध निर्वाचित भएका छन् ।

संघको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेबिच गठबन्धन गर्ने लिखित सहमति भएपनि एमालेले सम्झौता उल्लंघन गरी मनोनयन दर्ता गरेको भन्दै नेपाली कांग्रेस निकट सहकारीकर्मीहरूले निर्वाचन समितिको कार्यालयमा तालाबन्दी गरेको थियो । तर, निर्वाचन समितिले तोकिएको मितिमा निर्वाचन गर्नुपर्ने भन्दै आह्वान गरेको थियो । ३१३ सदस्य रहको संघमा २४६ मत खसेको थियो ।

कांग्रेसको २ पेजको समाचार जोड्नुपर्ने २०८१ चैत २३ गते नेपाली कांग्रेस र एमाले झापाबीच सातवटा पद कांग्रेसले र १५ वटा पद एमालेले लिने लिखित सहमति भएको थियो ।

सहमति भएका पदमध्ये नेपाली कांग्रेसको भागमा परेको सहसचिव र सदस्य लगायतका केही पदमा सहमति उल्लंघन गर्दै एमालेको तर्फबाट उम्मेद्वारी दर्ता भएपछि बिवाद उत्पन्न भएको हो । सत्ता साझेदार दलबीच भएको सहमति एमालेको तर्फबाट उल्लंघन भएकोप्रति नेपाली कांग्रेस झापाले गम्भीर आपत्ती प्रकट गर्दै जिल्लास्तरिय संयन्त्रको सहकार्यमाथि नै प्रश्न उठेको जनाएको छ । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले एक विज्ञप्ति जारी गर्दै आपत्ती प्रकट गरेका हुन् । 'सहकारी संघको निर्वाचन समितिले समेत पूर्व निर्धारित निर्वाचन कार्यक्रमलाई एकपक्षीय ढंगले प्रभावित गरेर बिना सहमति निर्धारित समय सकिएपछि समेत पटक पटक थप उम्मेदवारी दर्ता र उम्मेद्वारी फिर्ता लिने कार्य गरेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ विज्ञप्तिमा भनिएको छ -सहमति विपरित दोहोरो उम्मेद्वारी दर्ता गरेर सहमति तोड्ने कार्य भएको प्रति हाम्रो पार्टी घोर असहमति प्रकट गर्दछ । प्रमुख सत्ता घटक दलको राजनीतिक संयन्त्रमा समेत रहनु भएका जिल्ला नेतृत्वले लिखित सहमति गरेको विषयमा एमालेका तर्फबाट सहमति तोड्ने कार्य भएकाले आगामी दिनमा दुईदलीय जिल्लास्तरिय राजनीतिक संयन्त्रको औचित्य माथी नै गम्भिर प्रश्न चिन्ह खडा भएको उल्लेख छ । विज्ञप्तिमा भनिएको छ-दुई दलबीच भएको भद्र र लिखित सहमतिलाई पालना नगर्ने हो भने नेकपा एमालेसंगको आगामी दिनको सहकार्यमा थप कठिनाई उत्पन्न हुनेछ ।' लिखित सहमति अनुसार इमान्दारिता पालना भएको अवस्थामा नेपाली कांग्रेस सहकार्यलाई अघि बढाउन प्रतिवद्ध रहने उल्लेख गर्दै विज्ञप्तिमा सहकार्य गर्ने वा नगर्ने भन्ने विषय एमालेका गतिविधिमा निर्भर रहने जनाइएको छ ।

जिल्ला सहकारी संघको आठौं अधिवेशनका लागि एमालेले अध्यक्ष, खुल्ला उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, खुल्ला, महिला र क्षेत्रगत गरी नौ सदस्यीय, लेखा समिति संयोजक र एक सदस्य ( महिला) लिने सहमति भएको थियो ।

# कांग्रेसले क्षेत्र नं. ५ का सबै वडामा कार्यक्रम गर्ने



दमक । नेपाली कांग्रेस झापाको दुई महिने अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम अन्तरगत शुक्रवार क्षेत्र न. ५ मा अन्तरकृयात्मक बैठक सम्पन्न बसेको छ ।

कांग्रेस क्षेत्रीय समितिको आयोजना तथा कमल २ क्याम्पास्थित कांग्रेसको पार्टी कार्यालयमा भएको क्षेत्रीय बैठकले संगठन सृढ्ढिकरणका लागि बैशाख १५ देखि २६ गतेसम्म क्षेत्रभरि विभिन्न गतिविधिहरू गरिने निर्णय भएको छ । जिल्लाभरि कांग्रेसले संगठन सुढृढिकरण कार्यक्रम अन्तगर्त ५ वटै निर्वाचन क्षेत्रमा अभियान सञ्चालन गरिआएको छ ।

जसअनुसार क्षेत्रका २९ वटै वडामा कार्यक्रम गरिने सचिव धर्मानन्द भट्टराईले बताए । १५ बैशाखमा विहान ८ वजे कमल १ बाट शुरू हुने अभियान २६ गते दमक ४ मा वडा भेलासहित अन्तरकृयाका साथ सम्पन्न गरिने छन् ।

अभियान अन्तर्गत पहिलो दिन बैशाख १५ गते विहान ११ वजे कमल २ र ३ वजे वडा न. ३ मा वडा भेला हुने छ । त्यसैगरि, १६ गते विहान ८ वजे कमल ४, विहान ११ वजे ५ र २ वजे कमल ६ मा वडा भेला हुने छ । त्त्यसैगरि, १८ गते विहान ८ वजे कमल ७, विहान ११ वजे गौरादह ५ र २ वजे गौरादह ४ मा वडा भेला गरिएको सचिव भट्टराईले बताए ।


यसैगरि, १९ गते विहान ८ वजे गौरादह १,११ वजे गौरादह २ ,२ वजे गौरादह ७, २० गते विहान ८ वजे गौरादह ६ र ८ विहान ११ वजे गौरीगञ्ज ३, २१ गते विहान ८ वजे गौरीगञ्ज ५, विहान ११ वजे गौरीगञ्ज ६, ४ वजे गौरीगञ्ज ४ मा वडा स्तरिय कार्यक्रम गरिने छ ।


यस्तै, २२ गते विहान ८ वजे दमक ९ ,विहान ११ वजे दमक १० ,२ वजे दमक ८, २३ गते विहान ८ वजे दमक ७ वडामा कार्यक्रम तय गरिएको छ । २४ गते विहान ८ वजे दमक ३, दिनको १ वजे दमक २ नम्बर वडा, २५ गते विहान ८ वजे दमक १ वडा भेला गरिने निर्णयमा उल्लेख छ ।

यसैगरि, २६ गतेविहान ११ वजे दमक ५ वडा, १२ वजे दमक ४ वडा र दमक ६ मा दिनको २ वजे वडा भेला गरि औपचारिक रूपमा कार्यक्रम समापन गरिने छ ।

कांग्रेस क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीको अध्यक्षतामा भएको बैठकमा पार्टी केन्द्रीय सदस्य महेन्द्रकुमारी लिम्बू ,कांग्रेस झापा जिल्ला उपसभापति केशव पाण्डेलगायतले बोलेका थिए । उनीहरूले पार्टी संगठन तल्लोतहसम्म मजवुत नभएसम्म उपलब्धि प्राप्त नहुने भन्दै संगठन निर्माणमा जुट्न लाग्नु पर्ने जोड दिए ।

बैठकमा कमल गाउँपालिकाका अध्यक्ष समेत रहेका कांग्रेसका कोशी प्रदेश सदस्य हुकुमसिंह राई, संविधानसभा सदस्य विश्वदिप लिङदेन, ,कांग्रेसका पूर्व आमन्त्रीत केन्द्रीय सदस्य दिलीप राई लगायतका पार्टीका नेताहरूको उपस्थिति रहेको थियो ।









# वर्ष २०८१ मा कला क्षेत्रले गुमाएका कलाकार

## सिपी लोहनी



वर्ष २०८१ वैशाख १७ गते निजी क्षेत्रको पहिलो फिल्म माइतीघरका अभिनेता तथा गायक सिपी लोहनी चिदम्बरमप्रसाद लोहनी को निधन भयो। स्वासप्रश्वास, पार्किन्सन्स तथा अल्जाइमरजस्ता रोगसँ लड्दै आएका उनको काठमाडौंको माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा निधन भएको थियो। लामो समयदेखि अभिनेत्री पत्नी माला सिन्हाका साथ मुम्बई बस्दै आएका ८८ वर्षका उनी निधनको केही समययता जन्मस्थान काठमाडौंको डिल्ली बजारमा बस्दै आएका थिए। विराटनगर भन्सारमा जागिरे छँदा सिपीले रेडियो नेपालमा केही गीत रेकर्ड गराएका थिए।

बिएस थापाद्वारा निर्देशित एवम् नरशमशेर जबरा र जोगेन्द्र भाइद्वारा निजी क्षेत्रबाट निर्मित पहिलो फिल्म माइतीघर खेल्नु अघि उनी गीत गायनमा प्रख्यात थिए। हिन्दी र बंगाली फिल्मकी चर्चित अभिनेत्री माला सिन्हाका साथ फिल्म माइतीघरमा संयोगले फिल्म खेल्न पुग्दा उनीहरूको विवाहसमेत भएको थियो।

## ध्रुव हाडा



जीवनभर हास्यव्यङ्ग्यको माध्यमबाट सबैलाई हसाउँदै आएका सिद्धहस्त हास्य कलाकार ध्रुवलाल हाडाले सबैलाई रुवाउँदै ७९ वर्षको उमेरमा वैशाख २६ गते अन्तिम श्वास लिए। कलेजोको क्यान्सरका कारण लामो समय थलिएका उनको उपचारको क्रममा निधन भएको थियो। २००२ साल पुस १ गते जन्मिएका हाडाले १० वर्षको उमेरदेखि नै हास्य कलाकारिताको सुरुवात गरेका थिए। २०२४ सालमा प्रहरी सहायक निरीक्षकका रूपमा प्रहरी सेवामा प्रवेश गरेका हाडाले प्रहरी उपरीक्षकसम्म भई २०५६ सालमा अवकाश प्राप्त गरेका थिए। हाडाले जागिरे जीवनमा पनि विभिन्न खालका हास्यव्यङ्ग्य, नाटक र प्रहसनमा भाग लिई ख्याति कमाएका थिए।

महजोडीभन्दा अघिल्लो पुस्ताका हास्य कलाकार हाडा र राजपाल थापा अर्थात् हाडापालको हास्य जोडी एक समय खुबै जमेको थियो। प्रहसनका साथै लेखन तथा निर्देशनमा समेत सक्रिय हाडापालको जोडीले ज्युदा मुर्दा, कार्यालय निरीक्षण, म भए, पटके चार, दुई कविको मुठभेड, दुई स्वास्नीको पोइ कुना पसी रोइ, टुरिस्ट गाइड, रिसको बैंक, हर्कसको टक्कर, बम्पर उपहार, हस्पिटलको बेड, दुलहा बिक्री केन्द्रलगायत करिब डेढ सय प्रहसनमा अभिनय गरेका थिए। उनका तीन छोरी र श्रीमती छन्।

## बद्रीबहादुर केसी



लामो समयदेखि नेपाली कला क्षेत्रमा सक्रिय कलाकार बद्री बहादुर केसीको उपचारको क्रममा जेठ ५ गते निधन भयो। करिब ५( ६ वर्षदेखि घाटीको क्यान्सरसँग जुध्दै आएका केसीको उपचारको क्रममा पाटन अस्पतालमा निधन भएको थियो। माया प्रीति, वासुदेव जस्ता फिल्म र टेलिफिल्ममा अभिनय गरेका केसी पछिल्लो समय कलाकारिताबाट टाढा थिए। ललितपुरको धापाखेलमा बस्दै आएका उनको दुई छोरा र श्रीमती छन्।

## दीपेश लामा



जेठ २५ गते कलाकार तथा मोडल दीपेश लामाको ३९ वर्षको उमेरमा निधन भयो। करिब दुई दशकअघि गायक प्रेम लामाले गाएको लोकप्रिय पप गीत तिमीलाई सम्झी बाटो हेरी कुरिरहन्थे म सानु मका मोडलसमेत रहेका लामा सोही दिन काठमाडौंको वसुन्धरामा हिँड्ने क्रममा अचानक बेहोस् भई लडेका थिए। लामो समयदेखि लामा हेपाटाइटिस बी रोगबाट पीडित लामाले दर्जनौ म्युजिक भिडियोमा अभिनय गरेका थिए।

## गुरुदेव कामत






साउन १७ गते नेपाली शास्त्रीय संगीतका गायक, संगीतकार र संगीत प्रशिक्षकका रूपमा ख्याति कमाएका गुरुदेव कामतको ६९ वर्षको उमेरमा सिरहाको पोखरभिण्डास्थित घरमा निधन भयो।

२०८० सालको चैतमा मृगौलामा समस्या देखिएपछि काठमाडौंमा उपचार गराइरहेका उनी आर्थिक समस्याका कारण थप उपचार गर्न नसक्ने भएपछि निधनको दुई साता अघि मात्र सपरिवार आफ्नो जन्मथलो सिरहाको पोखरभिन्डा फर्किएका थिए। लहानस्थित अस्पतालमा डायलासिस गराइरहेका उनको स्वास्थ्य अवस्था पछिल्ला दिनमा खराब हुँदै गएको थियो भने तीन दिन अगाडिदेखि खाना खानसमेत छोडेका थिए।

उनी भारतबाट शास्त्रीय संगीतमा स्नातकोत्तरसम्मको पढाइ पूरा गरेर २०५६ सालमा नेपाल फर्किएका थिए। २०४९ सालमा रेडियो नेपालद्वारा आयोजित प्रतियोगितामा प्रथम भएका उनले २०५० सालमा पहिलो एल्बम् रिलिज गरेका थिए। उनले कुन निष्ठुरीले, प्रेमको नशा, आज भोली किन होला, जूनको चाँद हौ तिमी, मेरो हजुरको तनमा, मेरो श्यमा आउजस्ता ३ सयभन्दा बढी नेपाली तथा मैथिली भाषाका गीत गजल तथा भजन गाएका छन् भने कयौं गीतमा संगीत भरेका छन्। प्रबल जनसेवी सेवासहित अन्य विभिन्न सम्मानबाट सम्मानित उनले आफ्नो जीवनकालमा २५ हजार भन्दा बढीलाई संगीत प्रशिक्षण दिएका थिए। कामतको श्रीमती, तीन छोरा र एक छोरी छन्।

## एलपी जोशी



साउन १० गते नेपाली लोक संगीतका सर्जक एलपी जोशीको झापाको दमकमा निधन भयो। रिटिङ( रिटिङ नबजाऊ बिनायो, वल्लो खोलो पल्लो खोलोजस्ता दर्जनौं कालजयी लोकगीतका गायक जोशीको ८८ वर्षको उमेरमा निधन भएको थियो। धनकुटा जिल्लाको ६ नम्बरको बीच बजारमा १९९३ सालमा जन्मिएका जोशी पछिल्लो समय झापामा बस्थे। दुईमध्ये तीन वर्षअघि कान्छो छोरा र एक दशकअघि पत्नी गुमाएर पारिवारिक शोकमा रहेका जोशी पाको उमेरमा पनि गीत संकलनमा सक्रिय थिए। जोशीले पहिलोपटक २०१३ सालमा एउटा राष्ट्रिय गीत रेकर्ड गरेर रेडियो नेपालबाट गायन यात्रा आरम्भ गरेका थिए।

## प्रकाश तिमल्सिना



गायक प्रकाश तिमिल्सिनाको ३७ वर्षको उमेरमा साउन २६ गते निधन भयो। ललितपुर महानगरपालिका भैंसेपाटीस्थित आफ्नै कोठामा मृत अवस्थामा फेला परेका उनलाई परिवारले तुरुन्तै पाटन अस्पताल पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। दृष्टिविहीन उनी रियालिटि शो नेपाली ताराबाट गायनमा उदाएका उनको प्रिय तिम्रो सिउँदोमा सिन्दूर भर्न देऊ, तिम्रो हातको सिन्दूर, जुन भन्दिन, नमान लाज यसरी, नआए नि हुन्थ्योलगायतका गीत चर्चित छन्। सुनसरी प्रकाशपुरका उनले आफू बाल्य अवस्थामा हुँदा कोशीमा आएको बाढीका कारण परिवार गुमाएका थिए।

## सचिन परियार



लाखौं नेपालीको मन जितेका बाल गायक एवम् कलाकार सचिन परियारको पुस १८ गते त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा निधन भयो। १३ वर्षीय सचिन निधनको केही दिनदेखि गम्भीर स्वास्थ्य समस्यासँग संघर्षरत थिए। निमोनियाका कारण समिचर पल्मोनरी ह्यामरेज भएपछि उनलाई आइसियुमा राखेर उपचार गरिए पनि उनी बाँच्न सकेनन्। सचिनले महानायक राजेश हमालसँग एक म्युजिक भिडियो अभिनय गरेका थिए भने हास्य श्रृंखला मेरी बास्सैमा पनि अभिनय गरेका थिए। उनले रुमाल खस्छ की, के छ र हजु, बरको छायाँलेलगायतका गीत गाएका थिए।

## विक्रम राई



फागुन ६ गते गायक तथा संगीतकार विक्रम राईको हृदयघातको कारण निधन भयो। खोटाङ घर भएका राईले बिहान ३ बजे श्वास फेर्न छोडेपछि परिवारले काठमाडौं मोडल अस्पताल पुऱ्याएको थियो भने अस्पताल लानासाथ उनलाई मृत घोषणा गरिएको थियो। ३१ वर्षीय राई डेढ दशकदेखि सांगीतिक क्षेत्रमा सक्रिय थिए। उनी नेपाल आइडल हुनुभन्दा अघिको पहिलो नेपाल आइडलको उपाधि विजेता समेत हुन्। उनले गाएको तिम्ले बाटो फेर्यौ अरे २ र ३, जीवनसाथी तिमीलाई छ मेरो कसम मेल भर्सन जस्ता गीत लोकप्रिय छन्।

## चेतबहादुर सिंह (राजा)

फागुन १६ गते अभिनेता तथा निर्माता चेतबहादुर सिंह (राजा) को राजधानीको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा अल्पायुमै निधन भयो। नेपाल चलचित्र कलाकार संघको पूर्व सचिव र महासचिव, नेपाल टेलिचलचित्रकर्मी संघका पूर्व उपाध्यक्षसमेत रहेका कलाकार सिंह पछिल्लो केही समयदेखि अस्वस्थ थिए। कलेजो रोगबाट पीडित उनले सहिद, देव्यानी, दलाल, सुनपानी, छक्का पञ्जा २ जस्ता फिल्मका विभिन्न भूमिकामा अभिनय गरेका थिए भने तितो सत्य, मेरी बास्सैलगायतका दर्जनौं टेलिफिल्ममा अभिनय गरेका थिए। उनले सुनपानी नामक फिल्म पनि निर्माण गरेका थिए। ५४ वर्षीय सिंहको परिवारमा श्रीमती, १ छोरा र १ छोरी रहेका छन्। *-न्युज अफ नेपाल अनलाईनबाट*

## स्वास्थ्य

# खाद्य पदार्थमा मिसावट : मानव स्वास्थ्यमा प्रतिकूल असर

हाम्रोमा विभिन्न प्रकारका खाद्य पदार्थमा ३०-३५ प्रतिशत मिसावट भएको पाइन्छ। सामान्यतया आम नेपाली खाद्य पदार्थमा मिसावट र त्यसबाट हुने हानिकारक परिणाम देखि अनभिज्ञ छन्। उनीहरुलाई चाहा हुदैन यस्ता खालको बनावटी, तथा सजाइएका खाद्य पदार्थ उसको स्वास्थ्यको लागि हानिकारक हुनसक्छ।

दूध र दूधबाट बनेको उत्पादनमा सर्वाधिक मिसावट हुन्छ। त्यसपछि मसला र अन्नमा क्रमश: मिसावट गरिन्छ। चिया, कफी, मिठाई तथा गुलियो पदार्थमा पनि मिसावट हुन्छ।

**मिसावटको अर्थ**

साधारणतया मिसावट भन्नाले हामी यही मान्दछौ जस्तो कुनै वस्तुमा अरु पदार्थ मिलाउनु, जबकि वास्तवमा कुनै असली वस्तुमा कमसल, सस्ता वस्तु मिसाउनु, वस्तुको गुणस्तर कमसल हुनु, वस्तुको गुण या पोषक तत्वमा कमी ल्याउनु जस्तो दूधबाट नौनी निकाल्नु, त्वांग, सुकुमेलबाट वाष्पद्वारा तेल निकाल्नु आदि) खाने पिउने कुरामा दोषयुक्त या निषिद्ध हानिकारक रंगको प्रयोग गर्नु (चकलेट, केक, मिठाइमा) वस्तुको वजन बढाउनको लागि माटो, बालुवा, कोच, पत्थर, चूरा आदि पाइनु आदि अनेकौ कुरा मिसावटको परिधिमा ओउँछ।

मिसावटबाट बच्नको लागि जरुरी छ तपाईलाई बाहा हुनुपर्छ कुन कुन खाद्य वस्तुमा कुन कुन हानिकारक चिज मिलाउने गरिन्छ।

**केमा के के मिलाइन्छ**

- ❑ दूध पानी, आरारोट, गाढापन ल्याउनको लागि स्टार्च
- ❑ तर ब्लाटिंग पेपर मरिचमा मेवाको सुखेको बीउ
- ❑ चिया पत्तीमा प्रयोग गरिसकिएको पत्ती रगाएर, सुकेको डाठको चूर्ण बनाएर
- ❑ केसर मकैको जुंगालाई रंगाएर, सूर्यमुखीको वर्तिका रंगाएर
- ❑ हींग विदेशी राल या गम, चामलको पिठो, सेलखडी
- ❑ गहुको आटा- सस्तो अन्नको आटा, पिसेको खडिया
- ❑ मिठाइको बर्क शुद्ध चादीको साटो एल्मुनियमको बर्क
- ❑ बेसन - खेसरीको दाल
- ❑ धनिया - घोडाको लिदी
- ❑ बेसार पहेलो बुरादा, मेटानिल यल्लो रंग, रंगाएको मैदा
- ❑ मह चिनीको चास्नी
- ❑ नुन सफ्ट स्टोन, पिसेको सेतो पत्थर
- ❑ तोरीको तेल आर्जीमोन आयल भटकटैयाको बीउको तेल)
- ❑ बदामको तेल खनिज तेल
- ❑ शुद्ध घ्यू वनस्पति घ्यू
- ❑ कफी गहुको आटा, चनाको आटा, सूर्यमुखीको पिसेको बीउ
- ❑ सुफ अन्य फलको सुकेको बीउ
- ❑ जीरा चारकोलको पाउडर
- ❑ रहरीको दाल लाइवस सेटाइयस दाल
- ❑ मुलेठी रैठीको काठ
- ❑ दालचीनी कीकडको रुखको मोटो बोका
- ❑ रक्सी- मिथैनोल
- ❑ चामल सिंगमरमर या अरु सेता ढुङ्गाका साना साना टुक्रा
- ❑ खुर्सानी ईटको धुलो, पिसेको नुन या टेलकम पाउडर
- ❑ चिनी खाने सोडा
- ❑ मिसावट भएका वस्तु खादा लाग्ने रोग

यद्यपि मिलावटी खाद्य वस्तु खाने वितिकै हामीलाई त्यसको दुष्परिणाम थाहा हुदैन, तर विस्तारै यसको दूरगामी असर पर्छ। यस्ता अनेकौ रोग लाग्छन्, जसको उपार कठिन हुन्छ। जस्तो अन्धता, पक्षघात, क्यान्सर, छालेरोग, श्वासको रोग, जलोदर, पेटको रोग आदि। बेसारमा लेड क्रोमेट मेटानिल यलो रंग मिलाउनाले छालेरोग, मिठाइमा वर्जित रंग मिलाउनाले क्यान्सर र कलेजोको खराबी, बेसनमा खेसरी दाल मिलाउनाले पक्षघात, रक्सीमा मिथैनोल मिलाउनाले धेरै मात्रामा मृत्यु, अन्धता जस्ता समस्या विशेष गरी हुनेगर्छ।

तोरीको तेलमा सबैभन्दा मिलावट आर्जीमोनको भएको पाइयो। यसबाट खुट्टा सुनिने र ड्रप्सी(जलोदर) नामक रोग लाग्ने गर्छ।

**मिसावटको रोकथाम गर्ने उपाय**

सरकारले खाद्य पदार्थमा मिसावट रोक्नको लागि अनेकौ नियम कानून बनाएको थियो। तर उपभोग्य वस्तुको बढ्दै गएको मुल्यको कारणले यो मिसावट फन् बढेको छ। किनकि उपभोक्ता सस्तो सामान किन्न जान्छन् तर व्यापारी मिसावट नगरी सस्तोमा सामान बेच्न सक्दैनन्। खाद्य पदार्थमा मिसावटको रोकथाम गर्न आवश्यक छ।

आजको आवश्यकता उपभोक्ता आफै जागरुत हुनुहो। लाइसेन्स लिएका पसलेकोबाट मात्र खाद्य वस्तु किन्नुपर्छ। उनीहरुको मुल्य सूची हेर्नुपर्छ। सम्भव भएसम्म समानको आइ. एस ओ चिन्ह, सिल प्याकिंग मिती हेरेर मात्र किन्नुपर्छ। खुल्ला वस्तु किन्नु हुदैन, ताकि मिसावटभएको पाइएमा त्यो सामान तयार पार्ने कम्पनी या मिललाई मुद्दा हालेर कानूनी कारवाही गर्न सकियोस्।

## सिर्जना

# तिम्रा टावरमा चढ्ने मेरो आंट आएन



**रामकुमार उपाध्याय**


सम्जिन्छु आसपासका झुपराले केही पाएन॥
तिमी बिद्वान छौ तिमी दुरदर्शि छौ
तिमिले बनाएका टावर सुन्दर छन
तिम्रा बिचार सुन्दर छन
तिम्रा योजना सुन्दर छन
तिम्रो मन कति पवित्र छ
गरिब दुखिको कति ख्याल गर्छौ
तिमी बिचार गर त !
टावरकै आसपास का कटेराले के भन्छन
तेतै तिरका भोका नागरिक ले के भन्छन
तिमी टावर मा चडेर के हेर्न सक्छौ
गरिब का आँसु र भोक त होलानी !
ठिकै हो भुइमान्छेको भोक भुइ बाट देखिदैन
तिमी टावरमै चडेर हेर !
तिम्रा टावरमा चडने मेरो आंट आएन ।
सम्जिन्छु आसपासका झुपराले केही पाएन॥

तिमित औउधी ज्ञानि छौ त्यो टावर मा
चडेपछी भोक लाग्दैन होलानी !
मलाइ मेरो अभाब मेटाइदेउ
तिम्रा सुन्दर बिचार लाई म नमन गर्छु
तिमी ती टावरको माथी बसेर
दुर्बिनले गरिबका आँसु र पीडा हेरिदेउ
तिन्का चुला बलेकाछन या छैनन
तिमित धेरै बिद्वान छौ यी दरि नागरिक यस्तैहुन
तिमिले यी टावर बनाएर जनतालाइ लगायौ गुन ।

यति राम्रो टावरमा चडेर पनि भोक र अभाब कै कुरागर्छन ।
तिमी बनाउ,बनाउ गाउँ,गाउंमा
टोल,टोलमा एउटा टावर बनाउ
सायद त्याहां बाट यी गरिब नागरिक का पीडा देख्छौकी !
इतिहांसमा हाम्र पिडाहरु लेख्छौकी
तिम्रा टावरमा चडने मेरो आट आएन ।
सम्जिन्छु वोरिपरिका झुपरा ले केही पाएन॥

तिमी माथी टावरमा चडेर यी पिडित दुखिका भोको पेट हेर !
तिमिले यो देशमा चमत्कारै गरेकाछौ
आँखा न भएका यी अन्धा नागरिकले टेरेनन ।
तिमिले यो देशलाइ बिस्वमा चिनाएकाछौ
गरिब देश भनेर , मज्दुर बेच्ने देश भनेर
यो भन्दा धेरै चमत्कार के गर्नु !
तिमी पालै पालो टावरमा जानू र हेर्नू
केही बर्ष पछि तिम्रा टावरमा
भुत,प्रेतहरु नृत्य गर्नेछन
केही बर्ष पछि यी बिरोधिहरु मर्नेछन
तिमिपनी आफ्नु समृद्धि को गित गाउनु
यी गरिबहरु भोकलेमर्नेछन तिन्का भुथरुलाइ नाचगान गर्न लाउनु
तिमी समृद्धि को गित गाइरहनु
बेला बेला टावर हेर्न आइ रहनु।
मलाइ तिम्रा टावरमा चडने मेरो आंट आएन ।
सम्जिन्छु आसपासका झुपराले केही पाएन ॥

# नायिका तथा मोडल नीति शाह



नायिका तथा मोडल नीति शाहले विवाह गरेकी छन्। उनले शुक्रबार जिल्ला अदालत काठमाडौंमा यचित राणासँग कानुनी विवाह गरेकी हुन्।

दुई वर्षभन्दा बढी समयदेखि नीति र यचित प्रेम सम्बन्धमा थिए। उनीहरुको प्रेमको गसिप गत वैशाखमा सार्वजनिक भएको हो। याचित पेसाले एरोस्पेस इन्जिनियर हुन्। काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठका अनुसार उनीहरुले 'कोर्ट म्यारिज'को प्रमाण पत्र प्रदान समेत लिईसकेका छन। नीतीले आफ्नो विवाह जानकारी सार्वजनिकरुपमा दिएकी छैनन्।

नीति 'मिस नेपाल इन्टरनेशनल २०१७' को विजेता हुन्। उनले गत वर्ष प्रदर्शनमा आएको 'खजुरे ब्रो'बाट फिल्ममा डेब्यू गरेकी थिइन्। उनको अभिनय रहेको फिल्म 'नरसिंहा : अभतार' जेठ ९ मा प्रदर्शनमा आउँदैछ।

## दैनिक राशिफल

आज मिति २०८२ साल वैशाख १५ गते सोमबार 28 Apr. 2025 तिथि: प्रतिपदा



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे चो ला लि लु ले लो अ | सामान्य लाभ । ११ बजेबाट शारीरिक समस्या । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कार्यमा बाधा, राजनीतिमा समस्या । सामान्य धन लाभ । |
| तुला | रा रि रु रे रो ता ति तु ते | कार्यमा सफलता । ११ बजेबाट शत्रु बढ्ने । |
| मकर | भो जा जी खि खु खे खो गा गी | व्यापारबाट लाभ । सामान्य शारीरिक कष्ट । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | व्यवसायबाट लाभ, प्रेममा सुधार । ११ बजेबाट प्रेममा बाधा । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | राजनीतिमा सफलता । ११ बजेबाट केही समस्या । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | आंशिक लाभ । मध्यान्हबाट पढाईमा, बाधा । |
| कुम्भ | गु गे गो सा सि सु से सो द | प्रतिस्पर्धाको भय । मेहनतको कमी । |
| मिथुन | का कि कु घ ङ छ के को हा | शत्रु परास्त, विद्यामा रुचि । ११ बजेबाट कार्यमा बाधा । |
| कन्या | टो प पि पु ष ण ठ पे पो | पराक्रमले धन लाभ । मध्यान्हबाट मनमा अशान्ति । |
| धनु | ये यो भा भि भु धा फा ढ भे | आफन्तबाट सहयोग । माताजनमा कष्ट, खर्च बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कार्यमा रोकावट । मनमा अशान्ति । |

## चन्द्रगढी भेट्रान नकआउट फुटबलमा आयोजक च्याम्पियन




**भद्रपुर/** पाँचौं संस्करणको गम्भीर राई स्मृति चन्द्रगढी भेट्रान नकआउट फुटबल प्रतियोगिताको उपाधि आयोजक चन्द्रगढीले उचालेको छ। सडनडेथमा उर्लाबारीको ढल्के जोवन भेट्रान एफसीलाई हराउँदै आयोजक च्याम्पियन बनेको हो। भद्रपुरको मेची रंगशालामा शनिबार भएको फाइनल भिडन्तमा चन्द्रगढीका गोलकिपर नायक बने। उपाधिसँगै चन्द्रगढीले नगद १ लाख १ हजार र ट्रफी प्राप्त गर्‍यो। उपविजेतामा सीमित ढल्के जोवनले नगद ५१ हजार र ट्रफीमा चित्त बुझायो। निर्धारित समयमा खेल गोलरहित बराबर ीमा टुंगिएपछि टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा पनि ३-३ गोलको बराबरी भइपछि खेल सडनडेथमा गएको थियो।

सडनडेथमा चन्द्रगढीले ढल्के जोवनलाई ४-३ गोल अन्तरले हराएको हो। चन्द्रगढीका गोलकिपर रुपक गुरुङले चारवटा गोल छेकेका थिए। राष्ट्रिय टोलीका पूर्वसदस्य गम्भीर राईको स्मृतिमा भएको प्रतियोगितामा झापाका ११ र मोरङको एक गरी १२ टिमको सहभागिता रहेको थियो। फाइनल खेलको प्लेयर अफ द म्याच चन्द्रगढीका गोलकिपर रुपक गरुङ भए। उनले नगद २१०० र ट्रफी पाए। त्यस्तै, प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई गोलकिपर रुपक गुरुङ, डिफेन्डर सन्तोष बस्नेत, मिडफिल्डर निरु लिम्बू, फरवार्ड उर्लाबारीका डेनिक राई, प्रशिक्षक उमेश ताम्राकार, उच्च गोलकर्ता सुवास खड्का र सर्वोत्कृष्ट खेलाडी कप्तान प्रेम लिम्बू भए। उनीहरुले नगद ३१०० र ट्रफी पाए।

भद्रपुर नगरपालिका सहयोगी रहेको प्रतियोगिताको मुख्य प्रायोजक ओमकार हार्डवयेर तथा ओमकार रेडीमिक्स भद्रपुर र हेको थियो। प्रथम पुरस्कार टार्जन गुरुङ र चन्द्रगढी-भद्रपुर वैदेशिक रोजगार समूहले उपलब्ध गराएको थियो। विजेता तथा उपविजेतालाई प्रमुख अतिथि भद्रपुर नगरप्रमुख गणेश पोखरेल, आयोजक चन्द्रगढी भेट्रान क्लबका अध्यक्ष गजेन राई, उपाध्यक्ष बिक्की जैसवाल लगायतले पुरस्कार वितरण गरेका थिए।

***पत्रकार...*** हालसम्म १२२ वटाभन्दा बढी दफामा छलफल भइसकेका छन्। जम्मा १६३ मध्ये जटिल दफाहरूमा उपसमितिले छलफल गर्न सकेको छैन। बिचमा शिक्षामन्त्री परिवर्तन हुँदा दुई-तीन दिनसम्म उपसमितिको बैठकसमेत रोकिएको थियो।

**शिक्षकहरू आक्रोशित बन्दै**

२६ दिनसम्म पनि शिक्षकहरूको आन्दोलन शान्त र व्यवस्थित छ। तर, अब भने सरकारले बेवास्ता गर्दै जाँदा शिक्षकहरु थप आक्रोशित बन्ने देखिन्छ। शनिबार भएको आन्दोलनमा शिक्षकहरूले नयाँबानेश्वर क्षेत्रमा निषेधित क्षेत्र तोड्न खोज्दा धकेलाधकेल भएको छ। सरकारले शान्त र सभ्य शैलीमा आन्दोलन गर्दा नसुनेको भन्दै शिक्षकहरु थप आक्रोशित बनेका हुन्। 'शान्त तवरले आन्दोलन गर्दा सरकारले बेवास्ता गरिरहेको छ, अब हाम्रो आन्दोलनको रणनीति पनि परिवर्तन हुने अवस्था हुन्छ,' बौद्धस्थित जनकल्याण माविका शिक्षक अर्जुनप्रकाश भुसालले भने, 'सरकारले मन्त्रिपरिषद् र प्रक्रियागत रूपमा हाम्रा माग पूरा गर्ने थालनीसमेत गरेको छैन, यस्तो अवस्थामा आन्दोलनबाट फर्किने कुरै भएन।'

**शिक्षकलाई नधम्क्याउन स्थानीय तहलाई चेतावनी**

नेपाल शिक्षक महासंघले शिक्षकहरूलाई नधम्क्याउन स्थानीय तहहरूलाई आग्रह गरेको छ। विगत २६ दिनदेखि विद्यालय शिक्षा ऐन जारी गर्न माग राखेर काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी शिक्षकहरूलाई स्थानीय तहले विभिन्न सूचना निकालेर काममा फर्किन निर्देशन दिन थालेपछि शिक्षक महासंघले यस्तो आग्रह गरेको हो।

हाल सरकारसँग वार्तामा समेत रहेको शिक्षक महासंघले विज्ञप्ति जारी गर्दै काठमाडौंकेन्द्रित आन्दोलनमा रहेका शिक्षकहरूलाई नधम्क्याउन आग्रह गरेको हो। आन्दोलनमा सहभागी भएका प्रधानाध्यापक तथा कर्मचारीलाई धम्क्याउने, सरूवा गर्ने, राजीनामा दिन दबाब दिनेजस्ता कार्य कतिपय स्थानीय तहबाट सूचना आइरहेकाले त्यस्ता काम नगर्न महासंघले विज्ञप्तिमार्फत आग्रह गरेको हो। महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाको संयुक्त हस्ताक्षरमा जारी विज्ञप्तिमा अगाडि भनिएको छ, 'संविधानप्रदत्त सामूहिक सौदाबाजीको अधिकार उपयोगप्रति सम्मान गरी यस्ता कार्य नगर्न-नगराउन सबै स्थानीय तहहरूलाई आग्रह गर्दे यो परिस्थितिबाट विचलित नहुन सबै शिक्षक-कर्मचारी साथीहरूमा अनुरोध गर्दछौं।' २०८१ माघ २० गतेदेखि आन्दोलनरत नेपाल शिक्षक महासंघले चैत २० गतेदेखि काठमाडौंका सडकमा प्रदर्शन गरिरहेको छ।

गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गराउने उद्देश्यले गरिएको यो आन्दोलन अन्तिम र निर्णायक आन्दोलन भएको दाबी शिक्षक महासंघले गरेको छ। यसैले यो आन्दोलनलाई अझ सशक्त बनाउन उसले देशभरका सबै शिक्षक-कर्मचारीलाई काठमाडौं आउन आह्वान पनि गरेको छ। शनिबार शिक्षक महासंघ र शिक्षा मन्त्रालयबिच वार्ता भए पनि निष्कर्षमा पुग्न सकेन। महासंघका अध्यक्ष सुवेदीले सरकार पक्षसँग अनौपचारिक छलफल जारी रहे पनि त्यो अझै निष्कर्षउन्मुख नरहेकाले आन्दोलन जारी राखिएको जनाएका छन्।

***१० केजी.....***

सिफारिसमा मात्र मल उपलब्ध गर्ने नियम बनाएका रहेछन्, म पनि बिहीबार सिफारिस बनाउन भनेर गएँ तर त्यस दिन दिएनन् शुक्रबार आउनु भनेर पठाए। शुक्रबार फेरि गएर एउटा कागजको टुक्रो लिएर आएँ बल्लतल्ल आज १० किलो मल पाइयो।'

मल प्राप्त गर्नुअघि वडा कार्यालयबाट कुपन लिनैपर्ने बाध्यात्मक व्यवस्थाले किसानलाई मलकै लागि चारतिर धाउनु पर्ने झन्झट आइलागेको गुनासो उनीहरूले गरेका छन्। वडाका जनप्रतिनिधिहरूले पार्टीका आफन्तहरु र उनीहरूका घरमा कोठा भाडामा बस्नेहरूलाई प्राथमिकता दिने गरेकाले मलको थप हाहाकार भएको स्थानीयको गुनासो छ। 'हामीले मत दिएर जिताएकाले नै आ ना आफन्त र पार्टीका कार्यकर्ताहरूलाई बोलाएर कुपन दिएछन्, तर साधारण किसानहरूलाई भने घण्टौं कुराए' मल लिने लाइन बसेको एक युवाले भने। उनले आफ्नो नाम खुलाउन भने मानेन्। नाम आएपछि जनप्रतिनिधिहरूले अझ असहयोग गर्ने उनले बताए। वैशाकको चर्को धूपमा लाइनमा बसेका स्थानीयहरू मल नपाएकोमा त्यतिकै आक्रोशित थिए। त्यसमा पनि सयौंको भीडमा राजनीतिक कुराले उनीहरूलाई अझ आक्रोष थपिरहन्थ्यो। उनीहरू भन्थे, 'यिनीहरूलाई अब २०८४ को चुनावमा नदेखाइ भएन।'

वार्षिक रूपमा दोहोरिने यो समस्याले किसानहरूको उत्पादकत्वमा प्रत्यक्ष असर पार्ने अगुवा किसानहरू बताउँछन्। १० किलो मल लिनका लागि पनि समूह खडा गर्दा झ् समस्या भएको स्थानीय सर्मिला खरेलले बताइन्। 'वडाले १०/१० किलोको कुपन दिएको थियो। ५ जना मिलेपछि मात्रै एक बोरा मल पाइयो। यस्तो दुःख कमसेकम पोहोरपरार भोग्नु परेको थिएन' उनले भनिन्।

मकै, चैते धान, उखुलगायतका बालीका लागि यतिबेला मल चाहिएको छ। तर, किसानहरूले भने चाहिएको बेलामा मल पाउदैनन्। मकैमा धान चमरा आइसक्दा पनि चाहिए जति मल नपाएको भन्दै किसान चिन्तीत बनेका छन्। 'मकैको घोगा लाग्ने बेलामा मल लगाउनु पर्छ,' बेलबारी २ कै तिलकबहादुर खत्रीले भने' चिनी दिए जसरी मल दिन्छन् अनि कसरी बाली उत्पादन हुन्छ। मल लिन पनि युद्ध जिते जस्तै हुन थालेको छ।'

मल वितरण प्रणालीमा देखिएका अव्यवस्थाले आम किसानहरु पीडित बनेका छन्। समयमा मल नपाउँदा बालीको उत्पादकत्व मात्र घट्ने होइन, किसानहरु कृषि पेशाबाट विमुख हुने अबस्था आउने अगुवा किसानहरू बताउछन्।

बेलबारीका मात्र नभई देशभरका किसानहरूले यस्तै समस्या भोगिरहेका छन्। कृषिमा आत्मनिर्भरताको नारा दिने सरकारले किसानको हितमा काम गर्न नसकेको आरोप लाग्ने गरेको छ।

किसानहरूले मल नपाएको समस्या यो पहिलो भने होइन। वितेका २ वर्ष केहि सहज भएपनि त्यसपछि भने सहज र सरल तरीकाले मल पाउन नसकेको किसानहरूले बताएका छन्।

***मलद्वारमा....*** प्रहरीले जनाएको छ। त्यस्तै गएराति बिर्तामोडमा गाँजासहित दुईजना पक्राउ परेका छन्। राति १० बजे बिर्तामोड नगरपालिका वडा न.४ बस्ने ३३ वर्षीय रवि दासको घरमा लागूऔषध गाँजा बिक्रीबितरण भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट टोली खटिएको थियो। प्लास्टिकमा पोका पारिएको अबस्थामा ६० ग्राम ८ मिलिग्राम गाँजासहित घरधनी रवि दास र पाँचथर हिलिहाङ गाउँपालिका वडा न.१ घर भई हाल बिर्तामोड नगरपालिका वडा न.३ मा डेरा बस्ने ३४ वर्षीय सन्तोष लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो।







## आठमौजा बचत तथा ऋण सहकारी संस्था लि. गौरीगञ्ज-६ झापाको

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणी सदस्यले यस संस्थाबाट लिएको नियमित किस्ता बुझाउनुपर्ने कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दस्तुर नबुझाई ऋणका सर्तहरु उलङ्घन गरेको र पटक पटक मौखिक र लिखित तोकता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता र ऋणसँग सम्बन्धित सबैलाई ऋण चुक्ता गर्न/गराउनुहुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ पैतीस दिनभित्र यस संस्थासँग सम्पर्क गर्नु र लिएको ऋणको सम्पूर्ण साँवा, व्याज चुक्ता गर्नु/गराउनु होला। अन्यथा प्रचलित कानुनबमोजिम ऋणी र जमानतकर्ता लगायत सबै पक्षलाई कालो सुचीमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण वापतको चल अचल सम्पत्ति जे जस्ता अवस्थामा छ सोही अवस्थामा विक्री गरी सम्पूर्ण लेना रकम असुलउपर गर्न आवश्यक कारवाही अघि बढाउने व्यहोरा सुचित गरिन्छ। साथै धितो सुरक्षण लिलामी विक्री हुन नसकी संस्थाले धितो सकार गर्नुपरेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुर उपर नभएमा असुल हुन नसकेको रकमको हदसम्म कानुनबमोजिम ऋणी, जमानतकर्ता साथै सम्बन्धित व्यक्तिहरुको घरघरानाबाट असुली गर्न कानुनी प्रक्रिया अघि बढाइने व्यहोरासमेत सुचित गरिन्छ।

**तपशील**

| क्रस. | ऋणीको नाम | ठेगाना | बाबुको नाम | बाजे/पति,पत्नीको नाम | जग्गाधनीको नाम/धितो/जमानत |
|---|---|---|---|---|---|
| १. | झर्कु यादव , ना.न.४६६२४३६८ जारी- २०४६ -०१-१५ | साबिक खजुरगाछी -७ हाल गौरिगंज -६ | किस्नु यादव | बाजे-मधु यादव | झर्कु यादवको - धितो,साबिक खजुरगाछी -७ ,हाल गौरिगंज -६ कि.न.६६६ क्षेत्रफल १०१.५८ श्रीमती मंजु देवी यादव -०४३०४९ /१९५ |
| २. | फुलो देवी यादव ना.न.२७३ जारी -२०४६-०२-२९ | साबिक खजुरगाछी -५ हाल गौरिगंज -६ | राम कृष्ण चौधरी | पति-मायानन्द यादव | फुलो देवी यादवको धितो साबिक खजुरगाछी -५ कि.न. २४० क्षेत्रफल ००२२०.०९ जमानत कर्ता पति -मायानन्द यादव |
| ३. | रमेश ठाकुर ना.न-१३००८ | साबिक खजुरगाछी -४ हाल गौरिगंज -५ | सिंग लाल हजाम | बग्धु ठाकुर | लोटनी हजाम ना.न. ४६६२१४०६ , धितो साबिक खजुरगाछी -४ कि.न.४०६ क्षेत्रफल ०,१७२५जमानतकर्ता-मोहनलाल ठाकुर ना.न. ४६६२१४०८, सुन्दरलाल ठाकुर-ना.न.१३००७ ,देब प्रसाद ठाकुर |
| ४. | (दोस्रो सुचना) सुनिता बइसबनिया, ना.न.०४२०४९/५७७ | साबिक खजुरगाछी-९ हाल गौरिगंज -५ | नन्दलाल पौदार | पति-बुध नारायण पौदार | बुध नारायाण पौदार ना.न.३४१७१८०६, धितो साबिक खजुरगाछी -वार्ड न.९ कि.न. १३५० क्षेत्रफल-३३८.६३ |
| ५ | लाली देवी मण्डल ना.न.०४३०५०/१८३ -२०६३-१२-०४-९३६४९ , जारीमिति-२०६३-१२-०४ | साबिक -साबिक गौरिगंज-५हाल गौरिगंज-३ | गोपी मण्डल | पति-गोपाल मण्डल | लाली देवी मण्डल धितो - साबिक गौरिगंज गा.बि.स. वार्ड न.५ हाल गौरिगंज-३ कि.न.१५७९, ११७० ,क्षेत्रफल २२३.४७ ,८४.६५, जमानतकर्ता -छोरी सरिता मण्डल |
| ६ | देवीकुमार ताजपुरिया ना.न.४२३१,३९५,जारी मिति२०४४-११-२६ | साबिक गौरिगंज -८ , हाल गौरिगंज-३ | बाचा गोसाई ताजपुरिया | अदित ताजपुरिया | देवी कुमारताजपुरिया,धितो साबिक जुरोपानी-१,हाल -गौरादह -८ कि.न.९९७ ,१०४९ क्षेत्रफल ६२४०.०० ,०१४५५.८० ,जमानत कर्ता -मनमाया ताजपुरिया |
| ७ | सेरकट शर्मा -साबिक खजुरगाछी -६ हाल गौरिगंज-६ ना.न.१/३५६४ जारी मिति २०४५-०२-२१ | खजुरगाछी -६ हाल गौरिगंज-६ | नेंगसु शर्मा | भेषलाल शर्मा | सेरकट शर्मा धितो साबिक खजुरगाछी -६ हाल गौरिगंज -६ कि.न. ९२२ क्षेत्रफल ५२.५० जमानत कर्ता- श्रीमती बिना शर्मा |
| ८ | प्रेममाया गुरुङ ना.न.०४०३०४८/४५ जारिमिति-२०६३ -१०-०३ | गौरादह न.पा. -६ | लालमान गुरुङ | पति-भिम बाहादुर गुरुङ | प्रेममाया गुरुङ धितो -साबिक गौरादह -८ कि.न.८२२ क्षेत्रफल १६५.०० जमानत कर्ता -सिर्जना गुरुङ ना.न. ०६-०६-७४-०१९०१ जारी मिति २०७४-०६-३० छोरी |
| ९ | राजकुमारी महतो ना.न.३४१७१८०१ जारीमिति -२०६२-०१-१९ | साबिक खजुरगाछी-६ हाल गौरिगंज -६ | जोगलाल महतो | पति-मुनेश्वोर महतो | राजकुमारी महतो ,धितो साबिक खजुरगाछी -६ कि.न. ०६१२ क्षेत्रफल १६९.३० जमानत कर्ता -संजय कुमार महतो जेठो छोरा ना.न.०४२०४९ /४५ जारीमिति २०६४-०९-३ मनिता महतो- बुहारी |
| १० | बाबुराम राजबंशी ना.न-०४३०४९/२६६ जारी -२०६३-१२-०२ | साबिक खजुरगाछी -५ हाल गौरिगंज -६ | घियालाल राजबंशी | होलीलाल राजबंशी | बाबुराम राजबंशी धितो साबिक खजुरगाछी -५कि.न.६८४ क्षेत्रफल २२२.५० जमानतकर्ता-सन्तोषी कुमारी राजबंशी ना.न. ०४३०४९/३१३ |



## वन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्ज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरो, विडीका ठुटा जथाभावी नफालौं। यसले आगलागीको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं।
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीध्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं,
- समुदायस्तर सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं।

**डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

Log on गर्नुहोस् purbasandesh.com EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत, **सल्लाहकार सम्पादक**: पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com